संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

## क. बलियो पक्ष (Strength)

१. नगरपालिकाले कानून कार्यविधि पास गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरेकोछ ।
२. नगरपालिकाका कानुन तथा कार्यविधिहरुमा लैससास सम्वन्धी प्रावधानहरु समावेश गरिएको ।
३. नगरपालिकाको आवधिक योजना तयार भएको छ जसमा लैससास सम्वन्धी प्रावधानहरु समावेश गरिएका
४. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रसस्त रुपमा समावेश भएको ।
५. योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको
६. कानुनमा महिला किशोरी वालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधानहरु रहेको ।
७. योजना तर्जुमा गर्दा लक्षित समुह छलफल संग वसेर समस्या विश्लेषण गर्ने गरेको ।
८. महिलाको व्यवहारिक तथा रणनैतिक आवश्यकता परिपुर्ती गर्ने कृयाकलापहरु राखेर संचालन भएका ।
९. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको ।
१०. उपभोक्ता समितिहरुमा महिला तथा लक्षित वर्गको सहभागिता अनिवार्य गरेको ।
११. नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्ति उपलव्ध भएको ।
१२. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
१३. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ५०% भन्दा वढी भएको ।
१४. कार्यरत कर्मचारी मध्ये ५०% भन्दा वढी महिला कर्मचारी भएको ।
१५. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण,आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।
१६. महिला तथा बालबालिका शाखा स्थापना र सचालन भएको
१७. बेरोजगार तथा गरिबहरुको खण्डिकृत डाटा अद्यावधिक भएको
१८. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको
१९. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको
२०. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास को श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरि कार्यान्वयन गरेको ।
२१. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।
२२. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको ।
२३. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

